सर्वोच्च अदालत
प्रधान न्यायाधीशको
निजी-सचिवालय

# सर्वोच्च अदालत
# काठमाण्डौ

## प्रेस विज्ञप्ती

## सम्माननीय प्रधान न्यायाधीश नेतृत्वको भ्रमणदल श्रीलङ्का प्रस्थान

सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीज्यूको नेतृत्वमा श्रीलङ्काको राजधानी कोलम्बोमा आयोजित १४औं सार्क कानून सम्मेलन तथा ११औं प्रधान न्यायाधीश सम्मेलन (14th SAARC LAW Conference and 11th SAARC Chief Justices Conference) मा सहभागी हुन भ्रमणदल आज श्रीलङ्काको राजधानी कोलम्बो प्रस्थान गरेको छ ।

२०७४ कात्तिक १० गतेदेखि १२ गतेसम्म (तदनुसार २७ अक्टोबर देखि २९ अक्टोबर, २०१७) सम्म आयोजना हुने उक्त सम्मेलनमा श्रीलङ्काका महामहिम प्रधान न्यायाधीश श्री प्रियासाथ डेप (Priyasath Dep) को निमन्त्रणामा नेपाली न्यायपालिकाको नेतृत्व गर्दै सम्मेलनमा सहभागी हुन सम्माननीय प्रधान न्यायाधीशज्यू त्यसतर्फ प्रस्थान गर्नुभएको हो । सम्मेलनमा विशेषतः सार्क राष्ट्रका कानून तथा न्यायसम्बन्धी विभिन्न साझा विषयहरुमा सहकार्य र समन्वय अभिवृद्धि गर्न तथा जनताको न्यायमा पहुँचको अवस्था सुनिश्चित गर्ने सम्बन्धमा सार्क राष्ट्रका प्रधान न्यायाधीशहरुबीच छलफल र विचार विमर्श हुने कार्यक्रम रहेको छ । समानान्तर रुपमा सम्पन्न हुने सार्क कानून सम्मेलन तथा प्रधान न्यायाधीशहरुको सम्मेलनमा सम्माननीय प्रधान न्यायाधीश श्री पराजुली नेपालका तर्फबाट सार्क प्रधान न्यायाधीशहरुको सम्मेलनमा सहभागी हुनुहुने र सार्क कानून सम्मेलनमा उहाँको भ्रमणदलमा सम्मिलित माननीय न्यायाधीश तथा अधिकृतहरुको सहभागिता रहने कार्यक्रम छ ।

सम्मेलनमा सहभागी हुन सम्माननीय प्रधान न्यायाधीश नेतृत्वको भ्रमणदलमा सम्माननीय प्रधान न्यायाधीशको धर्मपत्नी श्री बसन्ता पराजुली, सर्वोच्च अदालतका माननीय न्यायाधीहरु डा. श्री आनन्दमोहन भट्टराई, श्री अनिलकुमार सिन्हा र श्री सपना प्रधान मल्ल तथा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार श्री नहकुल सुवेदी, उच्च अदालत पाटनका रजिस्ट्रार श्री बिमल पौडेल र सर्वोच्च अदालतका शाखा अधिकृत श्री श्रद्धा रिजाल संलग्न हुनुहुन्छ । उक्त सम्मेलनमा सहभागी भई सम्माननीय प्रधान न्यायाधीशको भ्रमणदल २०७४ कात्तिक १३ गते स्वदेश फिर्ता हुने कार्यक्रम रहेको छ ।

(नारायणप्रसाद पन्थी)
प्रवक्ता/सहरजिस्ट्रार

२०७४ कात्तिक ९ गते, बिहिबार
काठमाण्डौ ।